पाँचथर पावर कम्पनि लिमिटेड

Panchthar Power Company Limited

हात्तीवन ललितपुर, फोन नं. ०१-५९,१२००३, ०१–५९१६००४

Email : ppchewa@gmail.com, website: www.ppcl.com.np

सातौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना

प्रथमपटक प्रकाशित मिति : २०७९/०८/२५

श्री आदरणीय सेयरधनी महानुभावहरू,

यस पाँचथर पावर कम्पनी लिमिटेडको मिति २०७९।०८।२४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार निम्न विषयहरूउपर छलफल तथा निर्णय गर्न कम्पनीको सातौं वार्षिक साधारणसभा बस्ने भएकाले सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीका लागि कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान

मिति : २०७९ साल पौष १८ गते (तदनुसार सन् २०२३ जनवरी २) ।

समय : दिनको ११.०० बजे

स्थान : होटल इम्पेरियल काठमाडौं, बत्तीसपुतली ।

छलफलका विषयहरू:

१. अध्यक्षज्यूको मन्तव्य तथा सातौं वार्षिक साधारणसभाका लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्नेबारे ।

२. लेखापरीक्षकद्वारा प्रस्तुत आव ०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनसहितको आय-व्यय विवरण र वासलातमाथि छलफल गरी पारित गर्नेबारे ।

३. आगामी आव ०७९/०८० का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम वर्तमान लेखापरीक्षक संस्था टिपी अधिकारी एन्ड एसोसिएट्स पुनः नियुक्तिका लागि योग्य रहेको ।)

४. चुक्ता पुँजी रु. ९६,२५,००,०००।- को ७ प्रतिशत (करसहित) रु ६,७३,७५,०००।- (६ करोड त्रिहत्तर लाख पचहत्तर हजार मात्र) नगद लाभांश वितरण गर्नेबारे ।

५. विविध ।

साधारणसभासम्बन्धी थप सामान्य जानकारी

१) सातौ वार्षिक साधारणसभा तथा नगद लाभांश वितरण प्रयोजनका लागि मिति ०७९/०९/०७ गते एक दिन कम्पनीको सेयरधनी दर्ता किताव बन्द गरिनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०९/०६ गतेसम्म कारोबार भई सेयर खरिद गरी आफ्नो नाममा सेयर नामसारी भई आएका सेयरधनीहरू सो सभामा भाग लिन तथा नगद लाभांशका लागि योग्य हुनेछन् ।

२) आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनुहुने सेयरधनी महानुभावहरूले सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घन्टाअगावै कम्पनीको फोन नं. ०१-५९१२००३,०१-५९१६००४ मा वा कम्पनीको आधिकारिक इमेल: ppchewa@gmail.com मा सम्पर्क गरी नाम टिपाउनुहुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनुहुने सेयरधनी महानुभावहरूले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

३) सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने सेयरधनी महानुभावहरूले सभा सुरु हुने समयभन्दा कम्तीमा ४८ घन्टाअगावै यस कम्पनीको रजिस्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको रजिस्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्तिसमेत कम्पनीको सेयरधनी हुनुपर्नेछ, तर प्रतिनिधि नियुक्त गर्नुभएका सेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

४) संरक्षक रहनुभएका सेयरधनी महानुभावहरूका तर्फबाट कम्पनीको सेयर लगत किताबमा संरक्षकका रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रूपमा सेयर खरिद गरिएको अवस्थामा सेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनीत गरेको प्रतिनिधिले सेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ

५) एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा सेयर दर्ता गरेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ । कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनीत गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै सेयरधनी महानुभावले छलफलका विषयहरूमध्ये विविध शीर्षकअन्तर्गत कम्पनीसम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनुभन्दा सात दिनअगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा प्रस्ताव दिनुपर्नेछ । तर, त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा पारितको रूपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित रहनेछ ।

७) वार्षिक साधारणसभासम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनी रजिस्टर्ड कार्यालय, हात्तीवन, ललितपुरमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीका लागि कम्पनीको वेबसाइट www.ppcl.com.np मार्फत प्राप्त गर्न सक्नु हुनेछ ।

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव